# भैरबी गाउँपालिका

## भैरीकालिकाथुम, दैलेख

।।।

## आ.ब. २०७९/०८०का लागि प्रस्तावित वार्षिक निति तथा कार्यक्रम

## १० असार २०७९

भैरबी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख

**आ.ब. २०७९/०८०का लागी प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम**

१० असार २०७९

भैरबीगाउँपालिकाको एघारौं गाउँसभाका अध्यक्षज्यू,
प्रमुख अतिथि,बिषेश अतिथि,अतिथि ज्यू हरु एवं
उपस्थित सम्पुर्णगाउँसभाका सदस्यज्यूहरु
सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु
पत्रकार मित्र  तथा
उपस्थित महानुभावहरु,

ऐतिहासिक आन्दोलनको जगमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई,दीगो शान्ति, स्थायित्व र बिकासतर्फ अघिबढ्न अवसर दिएको छ  । भैरवीवासिको परिबर्तन को चाहाना एवं दिगोबिकास र सम्बृद्धिको सपनालाई सार्थक बनाउनेबाटो खुलेको छ । सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तिव्र बिकास **"समृद्ध भैरबी"**को परिकल्पना गर्ने हाम्रो महान सपना अघि बढ्ने आधार तयार भएको छ ।**शिक्षा, स्वास्थ्य, कृषिः, पर्यटन, हरीयाली, सहकारी बिकास र पूर्वाधारः भैरबीका सात आधार** सहितको नारा सार्थक बनाउने मूल रणनैतिक सोचका साथ नेपालको संबिधान २०७२ द्वारा स्थानीय तहलाई प्रदत्तअधिकार स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधान,पन्ध्रौं पञ्चवर्षीय योजना, दिगो बिकास लक्ष, दीर्घकालिन सोच,लक्ष तथा उद्देश्य संग तालमेल हुनेगरी भैरबी गाउँपालिकाको आवश्यकता, साधन श्रोतको उपलब्धता संस्थागत क्षमता बिकास समेतका आधारमा आगामी **आ.ब. २०७९/०८०**को नीति कार्यक्रम तथा बजेटको तय गर्ने प्रयास गरिएकोछ ।

## <u>आदरणीय गाउँ सभा सदस्यज्यूहरुः</u>

<u>भूमिकाः</u>

बिश्व समुदाय कोरोना भाईरस (कोभिड १९) का कारणले आक्रान्त भई रहेको अवस्थामा अल्पबिकसित तथा बिकासोन्मुख देश नेपालले यो समस्याको ठूलो मार खेपिरहेको सर्बबिदितै छ  भने यसको ठूलो असर हाम्रो भैरबी गाउँपालिकामा पनि परेको छ । यो समस्याबाट प्रत्यक्ष तथा परोक्षरुपमा आर्थिक तथा मानवीय सहयोग गरी छिमेकी मित्रराष्ट्र भारत तथा तेस्रो मुलुकबाट आफ्नो घर फर्किने ब्यक्ति हरुलाई सकुसल फर्किने वातावरण सिर्जना गरी न्यूनतम उपचार तथा पुनर्स्थापना गर्ने जिम्मेवारी हाम्रो थियो ।हाम्रो विवेक,क्षमता र जनशक्तिको उपयोग गरी ठूलो क्षति हुन नदिएको जानकारी गराउँदै यसमा आफ्नो जीउ ज्यानको प्रबाह नगरी खट्नुहुने पूर्व जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुप्रति आभार ब्यक्त गर्दछु ।

## उपस्थित महानुभावहरुः

**अव म यस भैरबी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. नेपालको संविधान (२०७२) बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई जनप्रतिनिधिमूलक शासन व्यवस्था सञ्चालनमा रहेकोछ । अबका दिनमा भैरबी गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा दिगो पूर्वाधार, विकास र व्यवसायिक कृषि, पशुपालन, पर्यटन र सहकारी क्षेत्रलाई उत्पादनमुखी र आत्मनिर्भर बनाई आर्थिक विकास गर्दै, गरिवी न्यूनीकरण गर्ने प्रमुख नीति लिएकोछ ।

२.भैरबी गाउँपालिकाको प्रवेश विन्दुमा रहेको श्रीस्थान मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटकको गन्तब्य बनाउनउचित बासस्थान,व्याबसायिक होटेल र पिक्निक स्पट बनाउने तथा अन्य संरचना निर्माण गरी यस क्षेत्रमा प्रवेश गर्ने आगन्तुकहरुलाई आत्मिय स्वागत गर्दै पर्यटन बिकास तथा यस गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रहरु पञ्चदेवल, डम्बुतिर्थ, रुद्रलिङ्ग, विन्द्रासैनीदेवल, माई मन्दिर,मुग्राहाँ, १२खम्बा, भैरबी, मालिका, शिवमन्दिर, भुवानस्थान, मष्टास्थान,भैरवी झरना, बासुधारा, कुर्मावती, शैलान्य पर्वत, मालिका मन्दिर, ब्याउली धर्मशाला, शिव मन्दिर, कुटी, वाणगंगा र ढुङ्गेधाराहरु लगायतका सम्पदाहरुको नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानसंग समन्वय गरी उचित प्रवर्द्धन गर्न पर्यटकीय गन्तव्य वनाउने, डकुमेन्ट्री निर्माण गर्ने, विद्युतीय सामाजिक सञ्जाल तथा टेलिभिजनबाट प्रसारण गरी पर्यटन क्षेत्रको विकासमा जोड दिइनेछ । यसका लागि डकुमेन्ट्री बनाई प्रचार प्रसारमा जोड दिइनेछ ।

३.**"हरेक घर उज्यालो घर"** भन्ने भनाइलाई मूर्त रुप दिनका लागि बिधुत लाईन बिस्तार र आपुर्तिलाई सहज बनाउन तत्काल नेपाल विद्युत प्राधिकरणअन्तर्गत ग्रामीण सामुदायिक बिद्युतिकरण संग साझेदारी भई शाखा लाईन तथा मुख्य लाईन बिस्तारको काम भईरहेको र यो कार्यलाई थप बिस्तार गरिनेछ । अन्य दातृ निकायहरुसंग समन्वय र सहकार्य गरी यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा राष्ट्रिय प्रसारण लाईन बिस्तार गरिनेछ।

४. यस गाउँपालिकाका सम्पूर्ण जनताहरुको स्वच्छ खानेपानी र सरसफाईको सहज पहुँचको लागि खानेपानी तथा सरसफाई कार्यालय (संघ तथा प्रदेश मातहतका कार्यालय) तथा कर्णाली जल परियोजना र भैरबी गाउँपालिकाको साझेदारीमा कार्यक्षेत्र विस्तार गरी सम्पूर्ण वडाहरुमा स्वच्छ खानेपानी पुऱ्याउनका लागि आवश्यक पहल गरिनुको साथै स्वास्थ्य र पूर्ण सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन ।

५. यस गाउँपालिकामा रहेका दलित, जनजाति, महिला,मुस्लिम, अपाङ्ग लगायत लक्षित वर्गको सामाजिक, भौतिक र आर्थिक उन्नतिका लागि विभिन्न सरकारी र गैह्रसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी मानवीय विकासको मूलधारमा समाहित गर्नको लागि विभिन्न सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछन । गरिव विपन्न तथा दलित समुदायका साथै कमजोर सामाजिक तथा

आर्थिक परिस्थितिभएका परिवारहरुको आवासको लागि जनता आवास कार्यक्रमसंग समन्वय गरी घरबास निर्माणका लागि थप पहल गरिनेछ ।

६. यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको महत्वपूर्ण स्थानको बिस्तृत परियोजना प्रस्ताव तयार भईसकेकोछ । बाँकी रहेका क्षेत्रको बिस्तृत परियोजना प्रस्ताव तयारी गरिनेछ भने गाउँपालिकाको पार्श्वचित्र तयारी भइसकेको र सोहीको आधारमा भावी रणनिति तयारगरी क्षेत्रगत गुरुयोजना निर्माणका साथै योजनाबद्ध विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैह्रसरकारी तथा दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

७. प्राकृतिक प्रकोपहरुबाट हुने मानवीय क्षति न्यूनिकरणका लागीराहत तथा पुनर्स्थापनाका खातिर खडागरिएको विपद् व्यवस्थापन कोषलाई बृहत बनाई तत्काल बिपद्को समयमा राहतको महशुस गराइनेछ । यसका लागि गाउँपालिकाले तयार गरेको बिपद् ब्यबस्थापन तथा राहत बितरण कार्यबिधिकै आधारमा गतिबिधि अगाडी बढाइनेछ ।

८. कर राजश्व तथा गैरकर राजश्वका दरलाई भन्दा दायरालई फराकिलो पार्दै आन्तरिक आम्दानीमा बृद्धी गरी यस गाउँपालिकालाई स्वावलम्वनतर्फ उन्मुख गराइनेछ । साथै नियमित कर भुक्तानी प्रकृयाबाट उत्कृष्ट करदाता छनौट गरी पुरस्कृत तथा सम्मान गर्नेतर्फ जोड दिइनेछ ।यसका लागि प्राकृतिक स्रोत साधनको उत्खनन् ओसारपसार बिक्रीलाई IEEमार्फत आर्थिक बर्षको सुरुबाटै प्रभावकारी रुपमा लागु गरिनेछ ।

९. सूचना र सञ्चार प्रविधि विना समृद्धिको परिकल्पना गर्न सकिदैन । भरपर्दो सञ्चार व्यवस्थापनका लागि प्रत्येक वडाबाटै सम्पूर्ण सूचना गाउँपालिका केन्द्रमा अनलाईन प्रबिधिबाट पुऱ्याउने ब्यबस्था भइरहेकोछ । यो बर्ष कर्मचारीको क्षमता बिकास का साथै प्रबिधि ,उपकरणको ब्यबस्था मिलाइनेछ । साथै वडाहरुमा ईन्टरनेट तथा कम्प्युटरको सर्वसुलभता बनाई थप प्रबिधिको बिकास गरिनेछ । साथै ईन्टरनेटको पहुँच विस्तारका लागि आबश्यक पहल गरिनेछ ।

१०.गाउँपालिकाभित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन, खानेपानीको सहज आपूर्तिका लागि बिस्तृत परियोजना प्रस्ताव तयार गरी खानेपानी आयोजनाहरु सञ्चालन गर्न आबश्यक पहल गरिनेछ । खानेपानीको सहज व्यवस्थापनका लागि खानेपानी मुहानको पहिचान तथा संरक्षणतथा परीक्षण गरी वितरणका लागि आबश्यक ब्यबस्था मिलाइनेछ र फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने तथा हरियाली बिकासको नारालाई सार्थक बनाउनेतर्फ जोड दिइनेछ।

११. यो बर्ष पूर्णरुपमा सामाजिक सुरक्षा कार्यक्रमलाई बैंकिङ्ग प्रणालीबाट भुक्तानी प्रकृया भईसकेकाले सम्भव भएसम्म सम्बन्धित वडाबाटै प्रबिधिको सुलभता मिलाई सामाजिक सुरक्षा भत्ता बितरण गर्नेतर्फ बैंकसंग समन्वय र सहकार्य गरिनेछ ।

१२. कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, सूचनाको हकको प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, भ्रष्ट्राचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ।हरेक कार्यालयले बार्षिक समिक्षा,सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गर्ने परिपाटीको विकास गरिनेछ ।

१३. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गर्ने,प्रोत्साहन गर्ने, कर्मचारीबीचको बिभेद, पूर्ण रुपमा अन्त गर्ने र यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीकोपीर मर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ ।

१४.युवाहरुलाई उपलब्ध साधनस्रोतको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्यूनीकरण गर्ने, प्रधानमन्त्री, मुख्यमन्त्री रोजगारकार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउनुका साथै युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइनेछ ।

१५.जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धनगर्न जोड दिईनेछ । यसकालागि जलवायु परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालनका लागि पहल गरिनेछ ।

१६. आर्थिक वर्षको अन्त्यमा आएर विकास गर्ने परिपाटीको अन्त्य गरिनेछ । यसका लागि आर्थिक वर्षको सुरुमा नै योजना बनाएर काम गर्न सुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।दोस्रो चौमासिकसम्म योजना सम्झौता र तेस्रो चौमासिकको दोस्रो महिनासम्म भुक्तानी लिने परिपाटिको बिकास गरीनेछ ।लागतमा आधारित रहेर योजना तथा कार्यक्रम छनौट गरी लागु गरिनेछ ।

१७. भैरबी गाउँपालिकाको न्यायिक समितिमा परेका उजुरीहरुमध्ये आर्थिकरुपले बिपन्न र कुटपिट,भई घरबाट निकालिएका बालबालिका,दलित,महिलाजेष्ठनागरिक,अपाङ्गहरुको न्यायिक निरुपण र न्यायिक सम्पादन गाउँपालिकाद्धारा आंशिक कानूनी सहायता कोषको ब्यबस्था गरिनेछ ।

१८. चालु आ.ब. बाट भैरबी गाउँपालिकाको आवधिक योजना,औधोगिक तथा साँस्कृतिक ग्रामको स्थापनाका लागि सम्भाव्यता अध्ययन,गाउँपालिकाको प्रोफाईलअध्यावधिक,पालिका सडक तथा पर्यटन गुरुयोजना,पक्कीपुलको डी.पि.आर, तयार, फोहोरमैला ब्यबस्थापनका लागि डम्पीङ्ग साईडको डी.पि.आर.तयार गर्न साझेदार निकायमा पहल तथा आफ्नै श्रोतको उपयोग गर्ने कार्य अघी बढाइनेछ ।

१९. भैरबी गाउँपालिकाका सातवटै वडाहरुमा साविकका वडा र जनसंख्याको वितरणलाई आधार मानी टोल बिकास संस्थाको गठन गरी उपभोक्ता मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई ब्यबस्थित गरिनेछ ।

२०. भैरबी गाउँपालिकाका सातैवडामा सुत्केरी सेवाका लागि एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।

२१. भैरबी गाउँपालिका वडा नं.१,२ र ३ लाई तरकारी तथा पशुपंक्षीपकेट क्षेत्र ४ र ५ लाई फलफूल तथा पशुपंक्षीपकेट क्षेत्र र ६र ७ लाई दुग्ध तथा पशुपंक्षी पकेट क्षेत्र निर्धारण गरिनेछ ।

२२.ठूलाबगरदेखि तोरीबारी घट्टेखोला, रागीदेखी श्रीस्थानसम्म, काभ्रेखोलादेखि नाभिस्थान, भैरबी झरनादेखि पादुकाखोलासम्मको भू-भागलाई समेटेर एकीकृत नदी नियन्त्रण र सिंचाई साथै, बन्यजन्तुको संरक्षण, नियन्त्रण तथा ब्यबस्थापन गरी उत्पादन बृद्धिमा बिशेष जोड दिइनेछ ।

२३. भाप्र, मजुवा, बडलम्जी लगायतका खानेपानी योजना र लिफ्ट खानेपानीलाई प्रबिधियुक्त बनाउने व्यवस्था गरिनेछ ।

२४. जेष्ठनागरिकका लागि उचित तथा पायक पर्ने स्थानमा सामुहिक भेटघाट तथा पुनर्मिलन र भलाकुसारी गर्नका लागि जेष्ठ नागरिक दिवा सेवाकेन्द्र तथा सुरक्षित आवास गृहहरु स्थापना गरिनेछ ।

२५.चामुण्डाबिन्द्रासैनी नगरपालिका, महाबु गाउँपालिकासंग सडक सञ्जाल जोडियएकाले मोटरेवल पक्की पुल निर्माणका लागि पूर्वाधार बिकास कार्यालय मार्फत कर्णाली प्रदेश सरकार र संघीय सरकारसंग अनुरोध गरिनेछ ।

२६.नारायण न.पा. ,दुल्लु न.पा., महाबु गा.पा.र भैरबी गाउँपालिकाको संगमस्थलमा रहेको यस भैरबी गाउँपालिकाको वडा नं.१मा रहेको रातीखालमा बिमानस्थल निर्माणका लागि समन्धित निकायमा आवश्यक पहल गरिनेछ ।साथै सातै वडामा घाइते, गर्भवती तथा सुत्केरीको आकस्मिक उद्दारका लागि आवश्यकताका आधारमा हेलीप्याड निर्माण गरिनेछ।

२७.गाउँस्तरमा विभिन्न समूहमार्फत बचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समूहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पूँजी निर्माण, ऋण परिचालन मार्फत आम भैरबी बासी जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।यसका लागि उद्धेश्य मिल्ने सहकारी तथा समूहलाई समायोजन गरिनेछ साथै दर्ताका नाममा दर्तामात्र भएका तथा गतिबिधि नदेखिएका सहकारीको अनुगमन गरी दर्ता खारेज गर्न सहकारी शाखा मार्फत अनुगमन प्रतिवेदन प्राप्त भएपछि प्रकृया अघि बढाइनेछ । साथै यस गाउँपालिकामा बिभिन्न लघु बित्त संस्थाहरुले कारोबारो गरेको पाइएकोले के कुन र कसरी क्रियाकलाप चलाइएकोछ ।लगानी र प्रतिफलको आँकलन गर्न प्रबेश अनुमति लिनका लागि सहकारी शाखा मार्फत पहल गरिनेछ ।

२८.सहकारी संस्थाहरुको क्षमता बिकास गरी आय आर्जनसंग सम्बन्धित क्रियाकलाप गर्न तथा यस गाउँपालिकामा रहेकासबैखाले सहकारी संस्थाहरुलाई COPOMIS(कोपोमिस) मा अनिबार्यरुपमा आबद्धहुनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

## आदरणीय गाउँसभा सदस्यज्यूहरुः

अव म क्षेत्रगत रुपमा आगामी आ.ब.का लागि निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु

## पूर्वाधार विकास तर्फः

१.गाउँपालिका भित्रका प्रत्येक सडकहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी सबै वस्तीलाई सडक सञ्जालबाट जोडन र वडा जोडने मुख्य सडकहरुको स्तरोन्नति गरिनेछ ।

२. मध्यपहाडी लोकमार्ग शहिद गेटदेखी गाउँपालिकाको केन्द्र सम्म सडक पिजका लागि यो बर्षनै प्रकृया अघीबढाईने छ र पानीपोखरा हुदै मसिनापाटा ब्याउलीसम्म पुग्ने सडक बाह्रै महिना सञ्चालनमा आउने गरी स्तरोन्नति गरिनेछ । स्थानीय सडकहरुलाई पर्यटकीय ऐतिहासिक सडकहरुमा वर्गीकरण गरिनेछ ।

३.गीताचौर-रावतकोट सिंचाई कुलोलाई निरन्तरताका लागि पहल गरिनेछ ।

४.गडाज्यूला सिंचाई कुलो तथा तटबन्धन कार्यलाई निरन्तरताका लागि पहल गरिनेछ ।

५.गाउँपालिका क्षेत्रभित्र अब्यबस्थित बनिरहेका घरलाई घर निर्माण संहिता र सडक मापदण्डभित्र बनाउन आबश्यक प्रकृया अघिबढाइनेछ ।

६. सुकुम्बासी, अब्यवस्थित बसोबास, भूमिहीनको तथ्याङ्क संकलन गरी आवासका लागि भूमी आयोग संगको समन्वयमा आबश्यक प्रकृया अघिबढाइनेछ ।

७.खानेपानी योजनाको मर्मतसम्भारलाई ब्यबस्थित गराउन वासबोर्ड गठन गरी त्यसलाई ब्यबस्थित गरिनेछ ।

## आर्थिक विकास तर्फः

१. प्राकृतिक स्रोत ब्यवस्थापन तथा आर्थिक विकास अभियानमा स्थानीय समुदायको सहभागितालाई प्रोत्साहन गरिनेछ ।

२. कृषि उत्पादन वृद्धिका लागि विउ विजन तथा यान्त्रिकरण सहुलियतपूर्ण साझेदारी कार्यक्रम मार्फत सहयोग गरिनेछ ।

३. दातृ संस्था गैरसरकारी संस्था प्रदेश र केन्द्र सरकारसंग समन्वय र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

## सामाजिक विकास तर्फः

१.सुनौला हजार दिनका आमाहरुको स्वास्थ्य प्रर्वद्धनका लागि बहुक्षेत्रीय पोषण आयोजना, सु आहारा तथा अन्य स्वास्थ्यसंग सम्बन्धित गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा प्रभावकारी नदेखिएको पोषण कार्यक्रमलाई थप सशक्त रुपमा समुदायसम्म लैजाने ब्यबस्था मिलाइनेछ ।

२.स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न भैरहेका स्वास्थ्य संस्थाको स्तरवृद्धि गर्नुको साथै, स्वास्थ्यसंस्था नरेको वडा नं. ६ मा स्वास्थ्य संस्थाको स्थापना गर्नुको साथै कम्तीमा १ वडा १ तथा आवश्यकताका आधार गाउँघर क्लिनिक, बर्थिङसेन्टर र स्वास्थ्य संस्था निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

३)जेष्ठनागरिकको स्वास्थ्य सेवाको अधिकारलाई सुनिश्चित गर्न गाउँगाउँमा साझेदारीमा एकीकृत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

४)महिला स्वास्थ्य स्वयं सेविकाहरुको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिँदै गा.पा.ले दिँदै आएको प्रोत्साहनमा आवश्यक वृद्धि गरिनेछ।

५)जेष्ठनागरिक सम्मान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

६)छोरी प्रोत्साहन कार्यक्रमलाई थप प्रभावकारी बनाउनेतर्फ जोड दिइनेछ ।

७) रोजगार सेवाकेन्द्र अन्तर्गत एकघर एक रोजगारको नीति अवलम्बन गरिनेछ ।

८. भैरबी गाउँपालिकाको पहिचानको रुपमा रहेका श्रीस्थान,पञ्चदेवल, भैरबी,मालिका,ब्याउली भुवानस्थान पर्यटक आगमनको सम्भावना,छामघाट खोलाको पानी लिफ्ट प्रबिधिबाट खानेपानी तथा सिंचाई, जडिबुटीको प्रचुरता, तिनै किसिमको हावापानी पाइने भएकाले ठाउँ अनुसार फलफूल खेती, यहाँका धार्मिक साँस्कृतिक धरोहरहरुको संरक्षण सम्वर्द्धन तथा विकासको लागि बिशेष पहल कदम अगाडी बढाइनेछ ।

## उपस्थित महानुभावहरु,

**अव म शाखागत कार्यक्रमको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## कृषि विकास तर्फः

१.कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व बढाउँदै, गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदानमा बृद्धि गरिनेछ । गाउँपालिकामा खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली स्थानीय रैथानेबालीको प्रबर्द्धन तथा व्यवसायिकरणका लागि प्रोत्साहन गरिनेछ ।

२.व्यवसायिक रुपमा कृषि पेशामा संलग्न कृषकसमूह, कृषि सहकारी तथा कृषि फर्महरुको तथ्याङ्क संकलन तथा दर्ता गरी अभिलेख प्रणालीलाई चुस्त दुरुस्त बनाइ व्यबस्थित गरिनेछ ।

३.यस गाउँपालिका भित्रका कृषक,कृषक समूह, कृषि सहकारी, कृषि फर्महरुको मागको आधारमा खाद्यान्न, तरकारी, फलफूल, नगदेवालीमा बिशेष अनुदान तथा प्रोत्साहन दिइनेछ ।

४.कृषि व्यावसायलाई प्रोत्साहित र मर्यादित बनाउनका लागि गाउँपालिकाभित्रका उत्कृष्ट कृषकहरुलाई मापदण्ड तयार गरी पुरस्कृत गरिनेछ।

५.कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विभिन्न सरोकारवाला निकायहरुसंग सहकार्य साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

६.समुदायको पोषण तथा जिविकोपार्जनको अबस्थामा सुधार ल्याउनका लागि गाउँपालिकाभित्रका हरेक घरधुरीमा करेसाबारी स्थापना गर्दै, सम्भाव्य क्षेत्रमा उत्पादन पकेटक्षेत्र बिस्तार गर्ने र साथै गाउँपालिका स्तरमा आवश्यक रुपमा बोटबिरुवा सहज रुपमा आपुर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्शरी स्थापना गर्ने कार्य आगामी बर्षदेखि शुभारम्भ गरिनेछ ।

७.साझेदारीमा स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ हुनेगरी जिविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरण साथै कृषि सामग्रीको सहज आपूर्तिका लागि आवश्यकता अनुसार बिउ भण्डारण घर तथा संकलन/वितरण केन्द्र स्थापना गरिनेछ ।

८.राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने वालीवस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले साझेदारी गरी कार्यक्रम अगाडी बढाउनेछ ।

९.कृषि क्षेत्रको आधुनिक विकासका लागि कृषकको आवश्यकताका आधारमा कृषि सामग्रीहरुमा अनुदानको व्यवस्था मिलाइनेछ ।

१०.कृषकको ज्ञान,सिप र दक्षतामा बृद्दि गर्न बिभिन्न तालिम गोष्ठी सञ्चालन गर्ने व्यबस्था मिलाइनेछ ।

११.बालीनालीमा क्षति पुर्‍याउने रोग किराको व्यबस्थापन गर्न गाउँपालिकाबाट बिभिन्न बालीउपचार शिविर, जैविक तथा रासायनिक बिषादीको व्यवस्था मिलाइनेछ ।

१२.कृषि क्षेत्रमा बिदेशबाट फर्किएका युवाहरुलाई आकर्षित गर्न र कृषकको माग बमोजिम अनुदान दिन मागमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.बाँझो जग्गा खनजोत तथा उपयोग गर्नेलाई आवश्यक प्याकेज कार्यक्रमको ब्यबस्था गरिनेछ ।

१४.कृषिको विविधिकरण गर्न माटो परीक्षणको आवश्यक व्यवस्था मिलाइनेछ।

## स्वास्थ्य तर्फः

१. कोभिड १९ महामारीका कारण मानव जातीमाथी सताव्दीको सवैभन्दा ठूलो संकट पैदा भएको छ । नेपाल नै कोरोना महामारीको चपेटामा परिरहेको चुनौती र असहज अवस्थामा सरकारले अवलम्वन गरेको स्पष्ट रणनिति समन्वयात्मक कार्यशैली एवं सवै व्यक्तिहरुको एकता, धैर्यता र सहयोगले अहिलेसम्म यस रोगको संक्रमणबाट जीवन रक्षा गर्न सफल भएका छौं र आगामी दिनहरुमा कोरोना भाईरस बिरुद्धको खोप तथा बुष्टर खोप लगाउन बाँकी रहेका नागरिकहरुका लागि संघीय सरकारसंग

मागगरी खोप सञ्चालनको ब्यबस्था मिलाईने छ । कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि हाम्रो स्थानीय सरकारले औषधि उपकरण र सुरक्षाको सामग्रीको पर्याप्त व्यवस्था गर्नेछ साथै संक्रमण लगायत सवै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्न र जन जीवनलाई सहज र सुरक्षित बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

२ भैरवी गाउँपालिका अन्तर्गत रहेका तीनवटा स्वास्थ्य चौकीहरु(भैरीकालिकाथुम,कुसापानी र रावतकोट) मा ईन्टरनेट सेवा सर्बसुलभ सहज र सरल रुपमा वनाउने साथै १५ शैयाको अस्पताल पूर्वाधार निर्माणको कामलाई अविलम्ब अगाडी बढाइनेछ ।

३. सरुवा रोगको रोकथाम, नियन्त्रण तथा उपचार एवं स्वास्थ्य विपद व्यवस्थापन, तयारी तथा प्रतिकार्य गर्न यस भैरवी गाउँपालिकाको केन्द्रमा रहेको रावतकोट र कुसापानी स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी सामुदायिक अस्पतालमा चाहिने आवश्यक औजार उपकरण लगायत स्थानीय अस्पताल सुदृढीकरण कार्यक्रमको व्यवस्थापन गरिनेछ ।

४. जीवनको पहिलो हजार दिन गर्भवास्थाको पहिलो दिनदेखी वच्चा जन्मिएको २ वर्षसम्म पोषणको अवस्थामा सुधार गर्न प्रोटोकल अनुसारको गर्भवती जाँच (४,६,८र ९)गर्ने र आवश्यक शारीरिक,संवेगात्मक,वौद्धिक विकासका लागि चाहिने पोषण कोशेली कार्यक्रम अन्तर्गत गर्भवती महिलालाई अण्डा र पोषणयुक्त खानेकुराको वितरण तथा घरैमा उपलब्ध तर पहिचान नभएका पोषणयुक्त खानेकुराको पहिचान गराइनेछ ।

५.स्वास्थ्यको अभिन्न अंग एवम मेरुदण्डकै रुपमा उभिएका महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई उचित खालको प्रोत्साहन रकम साथै कार्यसञ्चालन गर्न चाहिने किटवक्स को लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।

६.जेष्ठ नागरिकको स्वास्थ्य अवस्थाको ख्याल गरी जेष्ठ नागरिक उपचार कार्यक्रम गर्ने व्यवस्था गरिनेछ ।गाउँपालिका क्षेत्र भित्रका जेष्ठ नागरिकहरुको संरक्षण,नियमित र शिबिर मार्फत निशुल्क स्वास्थ्य परीक्षणको ब्यबस्थाका साथै अन्य प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

७.जेष्ठनागरिक ज्ञान, सिप र अनुभवको अन्तरपुस्ताहस्तान्तरण कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

८.महामारी व्यवस्थापनको लागि चाहिने आवश्यक औषधि तथा सामग्री वफर स्टकको सहित व्यवस्था गरिनेछ ।

९.संक्रमण रोकथाम तथा नियन्त्रणका लागि चाहिने आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

१०.नियमित रुपमा स्वास्थ्य संस्थाबाट सेवा सञ्चालन तथा उपचार गर्नका लागि चाहिने औषधि लगायत अन्य औषधिजन्य सामग्री वर्षभरी अपुग नहुनेगरी खरिद तथा ढुवानीको लागी व्यवस्था गरिनेछ ।

११. समुदायमा फैलिरहेको नसर्ने रोगलाई रोकथाम गर्न तथा नियन्त्रण गर्नको लागी आवश्यक वजेटको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत सञ्चालन हुने मासिक खोप कार्यक्रम निरन्तरताका साथ पूर्ण खोप दिगोपनालाई जोगाई राख्न,सुनिश्चित गर्न आवश्यक कार्य गरिनेछ ।

१३.झाडापखाला रोग विरुद्धमा प्रयोग गरिने रोटा भाईरस ईन्जेक्सनलाई आ.व.२०७९।०८० बाट नियमित रुपमा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१४.सेवाको पहुँचबाट टाढा रहेका वस्तीहरुमा संकास्पद क्षयरोग रोगी पत्ता लगाई क्षयरोग निदान तथा नियन्त्रण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१५.विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. स्वास्थ्य चौकीहरुको स्तर वृद्धिको पहल गर्नुका साथै १ वडा १ आधारभूत स्वास्थ्यसेवा केन्द्र स्थापना भई सकेको र जनशक्ति तथा उपकरण ब्यबस्थापनका लागि सरोकार वाला निकाय तथा स्वास्थ्य मन्त्रालयमा आवश्यक पहल गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, **म स्वस्थ मेरो गाउँपालिका स्वस्थ** जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ ।युवा युवतीहरुको लागि यौन तथा प्रजनन शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि आवश्यक ब्यबस्था मिलाईनेछ।

१७. गाउँबस्तीमा रहेको मातृ तथा बाल्यकालिन कुपोषणको स्थितिलाई न्यूनीकरण गर्न गाउँपालिकाका सातै ओटा वडाहरुमा पोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल स्वीकृत भईसकेको र पूर्वाधार बिकासका लागि यो बर्षमै भवन निर्माण अगाडि बढाईनेछ ।

१९. स्वस्थ र सिर्जनशिल युवाका लगि खेलकुद विकासगर्न सम्भाव्यता अध्ययन गरी कम्तीमा एउटा बृहत खेल मैदान,तथा कबर्डहल निर्माणका लागि ब्यबस्था मिलाईने र खेलकुद विकासका पूर्वाधार बनाउने कार्यलाइ तिव्रता दिइनेछ ।हरेक बर्ष बिद्यालय स्तरीय खेलकुद,युवा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने र यसको निरन्तरता गर्ने ब्यबस्था मिलाइनेछ ।

२०. वैकल्पिक चिकित्सा प्रणालीलाई प्राथमिकता दिँदै भैरवी गाउँपालिकामा चालु बर्षदेखि एउटा आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

## महिला वालबालिका,तथा जेष्ठ नागरिक र अपाङ्ग

१.महिला विकास कार्यक्रमलाई परिमार्जन गरी विगतका असल अभ्यास र उपलब्धिलाई संस्थागत गर्दै महिला समूहद्धारा प्रवर्द्धित सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय र स्वरोजगारको क्षेत्रमा परिवर्तन गर्ने तथा प्रत्येक वडामा महिला सहकारी संस्था दर्ता गर्न पहल गरिनेछ ।

२.गाउँपालिकाभित्रका विपन्न महिलालाई विभिन्न सीपमूलक तथा क्षमता अभिवृद्धि सम्वन्धी तालिम दिइ समूह समिति र निगरानी समूह मार्फत जागरुक र सशक्त वनाइनेछ ।

३.लैगिंक हिंसा,घरेलु हिंसा र मानव वेचविखन सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

४. कोभिड१९ लगायत अन्य विभिन्न विपदबाट प्रभावित महिलाहरुका लागि राहात, पुनःस्थापना तथा व्यवस्थापन गरिनेछ ।

५.लैंगिक उत्तरदायी वजेट मार्फत यस पालिका भित्रका सम्पूर्ण विकास निर्माण लगायतका क्रियाकलापमा महिला सहभागिता सुनिश्चित गरिनेछ ।

६ एकल तथा पिछडिएका महिलाहरु र पढाइ छोडेर अलपत्र भएका किशोरीहरुका लागि सीपमूलक तालिम संचालन गरिनेछ ।

७.जेष्ठ नागरिकहरुको संरक्षण हेरचाह तथा सम्मान सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

८.जेष्ठ नागरिकहरुको ज्ञान सीप र अनुभवलाई उपयोग गर्ने अन्तरपुस्ता सीप हस्तान्तरण छलफलर अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

९. विधवा तथा विदुर, असहाय हिंसा पीडित मानसिक रुपमा कमजोर र जोखिममा परेका जेष्ठ नागरिकहरुलाई विभिन्न राहत कार्यक्रम तथा छुटको व्यवस्था गरिनेछ ।

१०.अपाङ्गता भएका जुनसुकै व्यक्तिहरुलाई सुविधा सम्मान र संरक्षणको व्यवस्था गरिनेछ ।तर अपाङ्ग परिचयपत्र बितरण प्रकृयालाई ब्यबस्थित बनाउन परिचयपत्र माग गरिएका ब्यक्तिहरु स्वयं उपस्थित गराई पहिचानबाट मात्र परिचयपत्र बितरण गरिने छ ।यसबाट आम नागरिकलाई असहज महसुस भए पनि पारदर्शिता कायम हुनेछ ।

११.अपाङ्गता भएका व्यक्तिहरुको लागि भौगोलिक अवस्थालाई मध्यनजर गर्दै, सहायक सामग्री वितरणको व्यवस्था मिलाई आवागमनलाई सरल तथा सहज वनाउनमा पहल गरिनेछ ।

१२. बालबालिकाउपर हुने सवै प्रकारका हिंसा र अपराध विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

१३.बालमैत्री वडा तथा गाउँपालिका निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ भने बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि आवश्यक कार्यीबिधि तयार गरी यसै आ.ब.बाटै उक्त कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१४.महिलाको व्यक्तिगत स्वास्थ्य र सरसफाई सम्वन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्न सामग्री वितरण गरिनेछ ।

१५.मासिक, चौमासिक र बार्षिक रुपमा प्रचार,प्रसार र सूचनामूलक सामग्री प्रकाशन गरिनेछ।

१६.मर्यादित महिनावारीको नीति अवलम्वन गरिनेछ ।

१७.बालविवाह र बहुविवाह न्यूनिकरण सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने कार्य गरिनेछ ।

१९.लैङ्गिक हिंसा निवारण कोष र बाल उद्दार कोषको स्थापना गरिनेछ ।

२०.द्वन्द्वपिडित बालश्रमिक, बेचविखनमा परेका, अभिभावक गुमाएका र जोखिममा परेका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी उनीहरुको संरक्षण गरिनेछ ।

२१. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समिति गठन गरी आवश्यक नीति तयार गरी लागु गरिनेछ ।

## उद्यम बिकाशतर्फः

१.चालु आ.ब. बाटै भैरबी गाउँपालिका दैलेखमा कम्तिमा पनि ५वटा लघुउद्योगहरु सञ्चालनमा ल्याउने तर्फ पहल गरिनेछ ।

२. कृषि तथा पशुउपज संकलन केन्द्र हाटवजार ब्यबस्थापनका लागि क्षेत्र छनौट तथा कृषिउपज उत्पादनका आधारमा सञ्चालन गरिनेछ ।

३.पालिका स्तरीय कृषिमेला प्रदर्शनीका लागि आवश्यक ब्यबस्था मिलाइनेछ ।

४.उत्कृष्ट कृषक तथा उद्यमीलाई पुरस्कारको ब्यबस्था मिलाइनेछ ।

५.उद्योग बाणिज्य संघ भैरबी स्थापनाका लागि आवश्यक ब्यबस्था मिलाइनेछ ।

६.युवा उद्यमीको तथ्याङ्क संकलन गरी स्वरोजगार सुनिश्चितताका लागि सरोकावाला निकायमा पहल गरिनेछ ।

७.भैरबी गाउँपालिकामा रहेका लघु उद्यम तथा उद्यमीलाई उद्यममा प्रोत्साहन हुने खालका कार्यक्रममा जोड दिइनेछ ।

८.उद्यमी सिर्जना गर्दा समाजमा पिछडिएका बर्गहरुलाई यस कार्यक्रमको निर्देशिकामा उल्लेखित ब्यबस्था अनुसार उद्यमी छनौट गर्दा कम्तिमा ७० प्रतिसत महिला,६०प्रतिसत (१६देखी ४०) बर्ष सम्मका युवा समावेश हुने गरी छनौट गरिनेछ ।

९.उद्यम ब्याबसायको ब्याबसायिक योजना तयार गरी घाटा नाफाको नतिजा हेरी उद्यम सञ्चालन गरिनेछ ।

## पशुबिकास शाखातर्फः

१. पशुपन्छी क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउँदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान वृद्धिगर्दै गाउँपालिकालाई दुध,अण्डा र मासुमा आत्मनिर्भर बनाउन गाई/भैसीपालन, बाख्रापालन तथा स्थानीय ग्रामीण लेयर्स कुखुरापालन र मत्स्यपालनलाई प्रोत्साहित गरिनेछ ।

२.व्यावसायिक रुपमा पशुपालन पेशामा संलग्न कृषक,कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुको तथ्यांक संलकन तथा दर्ता गरी अभिलेख प्रणालीलाई चुस्तदुरुस्त बनाई व्यवस्थित गरिनेछ । साथै कृषि तथा पशुपन्छी सम्वन्धी अन्य तथ्यांक अध्यावधिक गर्ने कार्यक्रमलाई अझ व्यवस्थित बनाइनेछ ।

३. व्यावसायिक कृषकलाई आवश्यक पर्ने डाले घाँसका विरुवाका लागि नर्सरी स्थापना गरिनेछ । साथै यस गाँउपालिकाका सम्पूर्ण व्यवसायिक कृषकलाई घाँसको विउ तथा विरुवा वितरण गरिनेछ ।

४. पशुपन्छीहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५. पशुपालन सम्वन्धी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि अन्य संघसंस्थासँग सहकार्यमा साझेदारी गर्नका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

६. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिकाभित्रका अतिविपन्न घरधुरीमा ग्रामीण कुखुरापालन कार्यक्रम बिस्तार गरिनेछ ।

७. पशुरोग विरुद्ध खोप कार्यक्रमलाई अभियानका रुपमा सन्चालन गरिनेछ । साथै पशुपन्छी विकास शाखामा मिनी प्रयोगशाला बनाउन आवश्यक पहल गरिनेछ ।

**८. यस गाउँपालिकाभित्र रहेको कृषि तथा पशुविज्ञान अध्यापन गराउने विद्यालयमा कृषक प्रदर्शनी र प्रयोगात्मक कक्षा सञ्चालन दुवैतिर उपयोग हुने गरी नमुना कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।**

९. पशपन्छी विकास शाखामा कार्यरत प्राविधिक तथा कृषकहरु लाई नवीनतम प्रविधि सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१०. बाँझो रहेका निजी तथा सार्वजनिक जग्गाहरुमा उन्नतघाँस खेती गर्न प्रोत्साहान गरिनेछ ।

११. गाउँपालिकाको सडकछेउ तथा पहिरो जोखिम क्षेत्रमा बायोइन्जीनियरिङको रुपमा घाँसखेती गर्न प्रोत्साहन गरिनेछ ।

१२. पशुपन्छी विकास शाखाबाट नियमित रुपमा सन्चालन हुँदै आएको पशुस्वास्थ्य उपचार सेवा कार्यक्रमलाई व्यवस्थित र प्रविधि मैत्री बनाई सेवाप्रवाह गरिनेछ । साथै यस शाखाबाट सेवाप्रवाह गर्न कठिनाई हुने ठाँउमाघुम्तीशिविर मार्फत सम्वोधन गरिनेछ ।

१३. स्वच्छ र स्वस्थ मासु उपभोक्ताहरुमा पुऱ्याउनका लागि मासुपसल सुधारका कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

# शिक्षा तर्फ

१.शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न भर्ना अभियान संचालन गर्ने बालमैत्री विद्यालय स्थापना गर्ने घरमै पढाउने अभियान संचालन गरिनेछ साथै स्थानीय स्तरमै प्राविधिक उत्पादन गर्न थप प्राविधिक शिक्षालयहरुलाई ब्यबस्थित गरिनेछ ।

२.शिक्षक ब्यवस्थापन तथा सुधार कार्यविधि निर्माण गरी लागु गर्ने ।**मेरो बिषय मेरो जिम्मा मार्फत** प्रभावकारी बनाउनका लागि शिक्षा समिति तथा प्र.अ.बैठकमा नियमित छलफल गरिनेछ ।

३.लैंगिक समता तथा सामाजिक समावेशिकरणका लागि सार्वजनिक सेवा, विकास तथा वितरण प्रणालीलाई सामाजिक न्यायको सिद्धान्तका आधारमा व्यवस्थित गरिनेछ ।

४.SEE परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई सम्मान गरिनेछ ।

५.स्वास्थ्य सम्बन्धी नीति निर्माण सेवा प्रवाह र जनचेनताको लागि निजी तथा गैह्रसरकारी क्षेत्रसंग समन्वय र साझेदारी गरीनेछ ।

६.सक्षम एवं जवाफदेही समन्वय अनुगमन र नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने ।

७. यस गाउँपालिकामा स्थानिय शिक्षा सम्बन्धी ऐन नियम निर्देशिका निर्माण गरी कार्यान्वयन गरिने छ

८.बालबिकास केन्द्रलाई ब्यबस्थित गर्नका लागि सहयोगी कार्यकर्ताको न्यूनतम योग्यता कायम गरी कक्षा ब्यबस्थापनका लागि आबश्यक सिकाई सामग्री बसाई ब्यबस्थापन लगायत सहयोगी कार्यकर्ता र बिद्यालय कर्मचारीको पारिश्रमिक सुबिधा थपका लागि पहल गरिनेछ ।

९.यस गाउँपालिकामा रहेका सामुदायिक बिद्यालयहरुलाई बिद्यार्थी संख्या ,शिक्षक दरबन्दी ,सञ्चालित कक्षा र भौगोलिक दुरी समेतलाई आधार मानी दरबन्दी मिलान गर्ने,कक्षा घटाउने तथा बढाउने र आबश्यक न्यूतनम शिक्षक दरबन्दी सिर्जना गरिनेछ ।

१०. बिद्यार्थीको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि निरन्तर अनुगमन मूल्यांकन लाई प्रभावकारीका साथ कार्यान्वयन गर्दै बिद्यालयमा हुने निरन्तर मूल्यांकन  प्रणाली प्रयोगात्मक परीक्षा र अतिरिक्त क्रियाकलापलाई प्रभावकारी कार्यान्वयनका लागि रणनीतिक योजना तयार पारी कार्यान्वयन गरिने छ

११. बिद्यालयको कार्य सम्पादन मूल्यांकनका आधारमा ससर्त अनुदान तथा गाउँपालिकाबाट अनुदान उपलब्ध गराइनेछ ।

१२. आफ्ना नानीहरुलाई बिद्यालयमा नपठाउने अविभावकहरुलाई गाउँपालिका र वडाबाट प्रदान गरिने सेवा सुबिधा रोक्का गरिनेछ ।

१३. प्राबिधिक शिक्षालयको क्षमता तथा गुणस्तर बिकासका लागि आवश्यक  ब्यबस्था गरिनेछ ।

१४. बिश्व खाद्यकार्यक्रमको सहकार्यमा एकीकृत बिकाससमाज नेपाल द्धारा सञ्चालित बिद्यालय सरसफाई कार्यक्रम तथा दिवा खाजा कार्यक्रम लाई बिस्तार गर्न पहल गरिनेछ ।

१५. स्थानीय पाठ्यक्रम निर्माणमा जोड दिइनेछ ।

१६. पालिकाबाट आबश्यक बजेट शिक्षा क्षेत्रका लागि बिनियोजित गरिनेछ ।

१७. पालिकास्तरीय परीक्षालाई ब्यबस्थित गर्नका लागि पालिकास्तरिय परीक्षा बोर्ड गठन गर्ने र कक्षा ५,८,१० र १२को परिक्षा नतिजालाई बिश्लेषण गरी उत्कृष्ट नतिजा हासिल गर्ने बिद्यालय एबं सम्बन्धित शिक्षकलाई प्रभावकारी सिकाई**उत्तम नतिजा पुरस्कृत बिद्यालय सम्मानित शिक्षक** कार्यक्रम मार्फत पुरस्कृत गरिनेछ ।

१८.एक वडा एक नमुना बिद्यालयको अबधारणा ल्याईनेछ।

१९.नवौं गाउँसभाबाट कायम गरेका बिद्यालयहरुका दरबन्दीहरु बिद्यार्थी शिक्षक अनुपातका आधारमा थपगर्ने तथा उक्त दरबन्दीलाई निरन्तरता दिदै गाउँपालिका अनुदान कोटामा नियुक्त शिक्षकहरुको तलव स्केलमा बृद्धी गरिनेछ ।

२०. राज्यकोषबाट तलव भत्ता तथा सेवा सुबिधा प्राप्तगर्ने राष्ट्रसेवक कर्मचारीका बालबालिकालाई सामुदायिक बिद्यालयमा अध्ययनका लागि प्रोत्साहित गरिनेछ ।

२१. गाउँपालिका स्तरमा उच्च शिक्षा अध्ययनका लागि एउटा क्याम्पस स्थापनामा आबश्यक पहल गरिनेछ ।

२२. गाउँपालिकाबाट प्रदान गरिदै आएको **एम. वि. वि. एस.**अध्ययन छात्रबृतिलाई निरन्तरता दिनुका साथै अन्य प्राबिधिक धारका आबश्यक्ताका आधारमा **एक बिधा एक छात्रबृतिको** ब्यबस्था गरिनेछ ।
२३. बालबिकास कार्यकर्ता र विद्यालय कर्मचारीलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुरुपको सेवासुबिधा दिने बिषयमा आबश्यक ब्यबस्था गरीनेछ ।
२४.हरेक बिद्यालयमा ईन्टरनेट पहुँचको ब्यबस्था गरिनेछ ।
२५. प्राविधिक शिक्षामा गरिव तथा जेहेन्दार बिद्यार्थीहरुको पहुँच बृद्धि गर्नका लागि बजेट बिनियोजन गरिनेछ ।
२६. नागरिकहरुको चेतना अभिबृद्धि गर्ने हेतुले शैक्षिक पहुँचलाई सहज बनाउन यस गाउँपालिकामा आगामी आ.ब.मा सार्बजनिक पुस्तकालय स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

## वन,बातावरण तथा बिपद् ब्यबस्थापन

१.गाउँपालिकास्तरीय बिपद् ब्यबस्थापन कोष स्थापना गरी गाउँपालिकास्तरमा खर्चहुने प्रदेश सरकार,संघीय सरकार वा गैह्र सरकारी संघ संस्थाका सबै प्रकारका खर्च रकमको १ प्रतिसत रकम कट्टागरी कोषमा जम्मा गर्ने नीति अवलम्बन गरिनेछ साथै सो कोषमा थप रकम जम्मा गर्नका लागि सहयोगी संस्थाहरुलाई आह्वान गरिनेछ ।
२.बिपद् पूर्व तयारी,बिपद् ब्यबस्थापन, क्षती न्यूनिकरण लगायतका बिषयहरुलाई समेटी बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने कार्य तथा बिपद् सम्बन्धी स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना यसै आ.व. देखि गरिनेछ ।
३. भैरबी गाउँपालिकामा रहेका राष्ट्रिय बन,सामुदायिक बन, धार्मिक बन, कवुलियती वन र निजी बनको तथ्याङ्क संकलन गरी राष्ट्रिय बन बाहेकका बनको बार्षिक प्रतिवेदन,गैह्र काष्ठ बन पैदावार तथा निकासी पैठारीको लेखा परीक्षण प्रतिवेदनका आधारमा करको दायरामा ल्याइनेछ ।
४.साझेदारीमा फोहोरलाई मोहोरमा बदल्ने निति लिइनेछ ।
५. गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने गरिब र बिपन्न परिवारहरुका लागि साझेदारीमा आधारित खरका छाना घरमुक्त बनाउने तर्फ अघीबढिनेछ ।
६. सामुदायीक तथा सार्बजनिक वनको अध्ययन,संरक्षण, सम्बर्द्धन र उपयोगको आबश्यक ब्यबस्था मिलाइनेछ ।

## खानेपानीतथा सरसफाई स्वच्छताको क्षेत्र:

१. वास व्यवस्थापन बोर्डलाई प्रभावकारी वनाउँदै जलउपयोगका लागि निर्माण गरिएका कानुनहरुको कार्यान्वयन, समयानुकुल परिमार्जन गरी, नयाँ कानुनहरुको निर्माण गरिनेछ । गाउँपालिकाले जलउपयोग गुरुयोजना अध्यावधिक गरी सोही अनुसार विद्यमान सबै खाले खानेपानी, सिँचाई तथा बहुउपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था

अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

२ बिगत पाँच आ.ब. देखि ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाको सहयोगमा सञ्चालित वास युनिट लाई गा.पा.को खानेपानी तथा सरसफाई ईकाइको रुपमा रुपान्तरण गरी व्यवस्थित गर्ने र परियोजनाले गरेका अनुकरणीय कामहरुलाई निरन्तरता दिइनेछ।

३. भैरवी गाउँपालिका वडा नं. १ देखी वडा नं. ७ सम्मका मुख्य सडक क्षेत्रमा रहेका बस्तीहरुको खानेपानी ब्यवस्थापन गर्न हाल सन्चालनमा रहेका खानेपानी योजनाहरुसंगको सहकार्यमा आवश्यक पूर्वाधारहरु निर्माण गरी १ घर १ धारा सेवा सन्चालनमा ल्याउन कार्यक्रम सन्चालन गरिनेछ ।

४.खानेपानी सरसफाई स्वच्छता ईकाइ मार्फत खानेपानी सरसफाई स्वच्छता, जीविकोपार्जन, सिंचाई, जलवायु अनुकुलनका कार्यक्रमहरु सञ्चालन गर्नका लागि हालसम्म सहयोग गरीरहेका दातृ निकाय फिन्ल्याण्ड सरकारको सहयोगलाई धन्यबाद दिंदै आगामी आ.व.मा समेत सहयोगको अनुरोध गर्ने र आवश्यक सहकार्य गर्ने प्रतिबद्धता गर्दै वास क्षेत्रका कार्यक्रमहरुलाई व्यवस्थित गर्न एकद्वार प्रणाली मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

५.खानेपानी सरसफाई ईकाइलाई सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरी जलश्रोत अधिकृत समेत सब इन्जिनियर स्तरका १ जना प्राविधिक कर्मचारी व्यवस्थापन गरिनेछ साथै गाउँपालिकामा कार्यरत खा.पा.स.टे. कर्मचारीलाई वास शाखा अन्तर्गत राखी WASH क्षेत्रको एकिकृत योजनातर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गरिनेछ ।

६. नागरिकलाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले गाउँपालिकामा स्थापना गरिएको पानी परीक्षण प्रयोगशालालाई थप व्यवस्थित र सवैको पहुँचपुग्ने गरी सञ्चालन गरिनेछ ।

७.लागत मितव्ययी पारदर्शिता कायम गर्दै खानेपानी तथा सरसफाई स्वच्छताको क्षेत्रमा सार्वजनिक सुनुवाई, लेखापरीक्षणलाई लैंगिक समानता र सामाजिक समाबेशिताको आधारमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

८. खानेपानी योजना सन्चालनमा उपभोक्ता समितिहरुमा ५० प्रतिशत महिला र दलित, जनजाति , एकल पिछडा वर्ग सबैको समानुपातिक प्रतिनिधित्वको सुनिश्चतता गरिनेछ ।

९ खानेपानी, सिंचाई, बहुउपयोगी योजनाहरुको दिगो सञ्चालनका लागि गाउँपालिकास्तरीय मर्मत सम्भार व्यवस्थापन निर्देशिकाको कार्यान्वयन गरी, गाउँपालिकास्तरीय खानेपानी मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

१० प्रत्येक योजनामा मर्मत सम्भार कोषको अनुगमन गर्दै उपभोक्ता समिति साधारण सभा बैठकमा सहजीकरण गरी उपभोक्ता समिति र मर्मत सम्भार कार्यकर्ता परिचालन गर्दै योजनाको दिगोपनामा अपनत्वबोध गराई क्षमता अभिबृद्धि गरिनेछ ।

११. जलबायु अनुकुलन हुने गरी योजनाहरु निर्माण गरिनेछ । योजना निर्माण गर्दा बहुउपयोगी योजनामा आधारित भएर डिजाइन गरिनेछ । खेर गएको पानी आयआर्जनका लागि जीबिकोपार्जनका

क्षेत्रमा लगाइनेछ सोका लागि योजना क्षेत्रमा खेर जाने पानीका लागि संकलन पोखरीहरु निर्माण गरिनेछ

१२. योजनाहरुलाई भरपर्दो सहकारी संस्थामा आबद्ध हुन प्रेरित गर्दै मर्मत सम्भार कोषलाई सहकारी संस्थामा राख्न सहजीकरण गरिनेछ ।

१३. वार्षिक रुपमा उत्कृष्ट सेवा प्रदान गर्ने नियमति बैठक साधारण सभा , मर्मत सम्भार कोष परिचालन, मर्मत सम्भारका लागि खानेपानी महशुल उठाउने , सहकारी संस्थामा आबद्ध हुने पानी सुरक्षा योजनालागु गर्ने खेर गएको पानी खेतबारीमा आयआर्जन र जीविकोपार्जनका क्षेत्रमा प्रयोग गर्ने नियमित रिर्पोट गाउँपालिकामा पेश गर्ने उपभोक्ता समितिलाई सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ

१४. खानेपानी क्षेत्रको अनलाइन सुट्ठचना प्रणाली व्यवस्थित गर्दै NWASH लाई निरन्तरता दिइनेछ र सो को आधारमा गा.पा.को V-WASH PLAN तयार गरिनेछ ।

१५ खानेपानी योजना क्षेत्रहरुलाई पूर्ण सरसफाई क्षेत्र घोषणा गरी, मर्यादित महिनाबारी स्वच्छता व्यवस्थापन, विद्यालय ३ तारा स्तरोन्नतिको कार्यलाई निरन्तरता दिई स्वस्थ नागरिक उत्पादन गर्दै पूर्ण सरसफाई गाउँपालिका घोषणा गरिनेछ ।

१६. वडा भित्र रहेका टोल बस्तीहरुमा साना खानेपानी योजना १ भन्दा वढी भएमा संयुक्त समितिवनाई एकद्धार प्रणालीवाट योजना सन्चालन गरिनेछ ।

१७.महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षागर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्नपाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन अभियान सञ्चालन गरिनेछ ।

१८.फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वच्छ तथा सफा गाउँपालिका नीति लिइनेछ।

१९.बिभिन्न रोग तथा महामारीबाट बच्न व्यक्तिगत, वातावरणीय ,घरायसी सरसफाई र आनीबानी परिबर्तनको महत्वपूर्ण भूमिका रहन्छ यसैलाई मध्यनजर गर्दै **"स्वच्छ निरोगी हामीः नियमित हातधुने बानी"** भन्ने अभियान सञ्चालन गरी आगामी पाँच बर्षभित्र शतप्रतिसत घरमा हातधुने स्टेसन निर्माण गर्न यसबर्षबाटै अभियान सञ्चालन गरिनेछ। साथै ठोस, तरल तथा दिसाजन्य लेदो फोहोरको व्यवस्थापनका लागि गाउँपालिकामा आबश्यक नीति र योजना तयार गरी सोही अनुसार कार्यान्वयन गरिनेछ ।

२०.खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित क्षेत्रमा कार्यरत बिकास साझेदार तथा प्रदेश र केन्द्र सरकार मार्फत सञ्चालन गर्ने कार्यक्रममा हुने दोहोरोपना हटाई सह लगानी तथा सहकार्य गरी समन्वयात्मक ढंगबाट कार्यक्रम सञ्चालन गरिनेछ । साथै खानेपानी, सरसफाई तथा स्वच्छता

समन्वय समिति तथा ईकाईको स्थापना गरी योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरिनेछ ।

२१.पृथ्वी सबै जीबनको साझा घर हो त्यसैले जलाधार क्षेत्र र जैबिक बिबिधताको संरक्षण गर्नु हाम्रो दायित्व हो। यसका लागि जैबिक बिबिधता तथा वातावरण संरक्षण सम्बन्धी आबश्यक नीति तथा कानूनको निर्माण गरी सोही अनुसार जलाधार क्षेत्रको विकास तथा जैबिक बिबिधता संरक्षण गर्दै पानीका श्रोतको संरक्षण तथा पुनर्भरण अभियान सञ्चालन गरिनेछ ।

२२.बिभिन्न खानेपानी योजनाहरुमा कामगर्ने VMW तथा अन्यकर्मचारीहरुलाई आबश्यक सेवा सुबिधाका लागि गाउँपालिका/वडा कार्यालयहरुबाट पहल गर्ने।

## सार्वजनिक सेवाप्रवाह तथा सुशासन

१.गाउँपालिकाको आफ्नै प्रशासकीय भवनबाट सेवा प्रवाहको ब्यबस्था मिलाइनेछ भने प्रशासनिक केन्द्र परिसरमा आवश्यक बिद्युतीय प्रणालीको सेवा बिस्तार गरिनेछ ।

२. गाउँपालिकाको कर्मचारी संगठन संरचना अध्ययन गरी आवश्यकता अनुसार संगठन संरचनामा बृद्धि गरिनेछ ।

३.गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा लाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाह लाई जनमैत्री र पारदर्शी बनाईनेछ ।

४.आफ्नो जिम्मेवारीमा अलमल गर्ने,काम पन्छाउने,अनियमितता र भ्रष्टाचारमा संलग्नहुने जो कसैलाई कडा कारवाही गरिनेछ भने राम्रो काम गर्नेलाई पुरस्कृत गरिनेछ ।

५.गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुको खाईपाई आएको तलव भत्तामा पुनरावलोकन गरिनेछ र गाउँपालिकाबाट सेवा करार लिदा तहगत रुपमा समान सेवा सुविधा दिने बिषयमा आवश्यक मापदण्ड तयार गरि समानता कायम गरिनेछ । जुन तह र सेवामा कार्यरत भई कामकाजमा लगाईएकोछ उक्त पदमा नेपाल सरकारको प्रचलित कानून बमोजिमको न्युनतम तलव भत्ता उपलब्ध गराईनेछ।निवृत करार सेवाका कर्मचारीका लागि कर्मचारी कल्याणकोष लाई बृद्धि गरी निवृत भइसकेपछि कार्य अवधिका आधारमा सुविधा उपलब्ध गराउने नीती लिईएको छ ।

# रोजगार समबन्धी

१.आगामी आ.ब. २०७९/०८० मा रोजगार सेवाकेन्द्र मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रमसंग पालिकाले साझेदारी गरी रोजगार सेवालाई ब्यबस्थित गरिनेछ ।

२.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई ब्यबस्थित गर्न रोजगार ब्यबस्थापन सूचना प्रणाली (EMIS) को डाटा ईन्ट्री र विविध ब्यबस्थापनका लागि आबश्यक बजेटको ब्यबस्था गरिनेछ ।

३.आगामी आ.ब. २०७९/०८० मा सञ्चालनहुने प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई ब्यबस्थितगर्न रोजगार ब्यबस्थापन प्रणालीमा समाबेश भएका कामदारहरुलाई मात्र परिचालन गरिनेछ ।

४.स्थानीय तहमा सुचीकृत भएका बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माणसंगै सामाजिक संरक्षणको प्रत्याभूती गराइनेछ ।

# विविध

१.भैरबी गाउँपालिकाको प्रथम गाउँसभादेखि दशौं गाउँसभासम्मले लिएका नीतिहरुलाई औचित्यताका आधारमा पुनरावलोकनसहित निरन्तरता दिइनेछ।

२.गाउँपालिकाको बिकासका लागि स्थानीय बुद्धिजीबी, समाजसेवी, बिषयबिज्ञ, स्वदेश तथा विदेशमा बसोबास गरिरहेका आमाबुवा, दाजुभाई तथा दिदीबहिनीसंग भैरबीको सर्वाङ्गीण विकासका लागि सहयोगको आह्वान गरिनेछ ।

३.गाउँपालिकाको यो बर्ष बिनियोजन हुने योजनाको हकमा वडा बाट बिनियोजन भएका योजनाहरु कम्तिमा १ लाख भन्दा साना र गाउँपालिकाबाट ५ लाख भन्दा साना योजनामा रकम बिनियोजन गरिनेछैन ।

४.उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता बिकासका लागि आबश्यक कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।

५.चालु आ.ब.मा भैरवी गाउँपालिका दैलेखमा विगत बर्षजस्तै मठमन्दिर निर्माण तथा मर्मतबाट जीविकोपार्जनमा कुनै नि परिवर्तन नभएको देखिएकाले यो बर्षदेखि संस्कृति संरक्षणतर्फ मठमन्दिर निर्माण तथा मर्मतमा कुनैपनि कार्यक्रम नल्याउने नीति ल्याइनेछ।

६.भैरवी गाउँपालिकामा साझेदार निकाय/संघ/संस्थासंगको साझेदारीमा गाउँपालिका स्तरीय बस सेवा सञ्चालनका लागी आबश्यक व्यवस्था गरिनेछ।

७. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

८. गाउँपालिकाको राजश्वसंकलनमा अभिबृद्धि र बेरुजु घटाउनका लागि सरोकारवालाहरु पहिचान गर्ने र उनीहरुको क्षमता बढाउने तथा बेरुजु घटाउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**धन्यवाद ।**

**देवी भण्डारी**

**उपाध्यक्ष**

**भैरबी गाउँपालिका दैलेख,**

**२०७९ आषाढ १० गते**